जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५३ पृष्ठः ४ | २०८३ असोज २२ बिहीबार (Thursday 08 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## रास्वपा नेतृ भण्डारी सिरहामा



**जीवछ उदासी**

लहान, २१ असोज। आगामी स्थानीय चुनावलाई लक्षित गरेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रिय सदस्य तथा प्रतिनिधिसभा सदस्य मितिमा कार्की भण्डारीले सिरहाको तीन गाउँपालिकाहरुमा क्यान्डिडेइट क्लवबारे स्थानीय अगुवा नेता कार्यकर्ताहरुलाई प्रशिक्षित गर्नु भएको छ। हिजो मंगलबार सिरहाको सिरहा क्षेत्र नम्वर १ को भगवानपुर सिरहा २ को नवराजपुर र सिरहा ३ को अर्नमा गाउँपालिकामा प्रशिक्षण तथा भेटघाट सम्पन्न गर्नुभयो।

कुनै पार्टीमा आवद्ध नरहेको योग्य व्यक्ति ४५ दिनपछि र अरु दल त्यागेर आएको नेताले ९० दिन पछि क्यान्डिडेइट क्लवमा जोडिन सक्ने नेतृ कार्कीले प्रष्ट्याउनु भयो। उम्मेदवार चयनको लागि तीन चरणको परीक्षा उतीर्ण गर्नुपर्छ, 'हाँले भन्नुभयो उम्मेदवार हुन कुनै फौजदारी मुद्दा लागेको हुनुपरहुँदैन र बहुविवाह गरेकालाई उम्मेदवार बनाइदैन।' रास्वपाको नेता कार्यकर्ता अध्ययनशील र जनताको आवाज उठाउन योजना बनाएर आफ्नो वडा र पालिकामा सवल भएर सफल हुनको लागि अहिलेको समय सदुपयोग गर्न समेत नेतृ कार्कीले निर्देशन दिनुभयो।

मधेशका युवाहरुलाई विदेश पलायनबाट रोक्न र किसानको समस्या समाधान गर्नुको साथै सामाजिक न्याय शिक्षा स्वास्थ्यको लागि रास्वपाले काम गर्न सक्ने क्षमतावान उम्मेदवार चयन गर्न क्यान्डीडेइट क्लब ल्याएको प्रष्ट्याउनु भयो,' उहाँले थप्नुभयो,' सामाजिक सञ्जालमा उम्मेदबार भएको घोषणा गर्ने जुन लहर चलेको छ यी सबै निराधार हुन। योग्य इमानदार र स्थानीय तहबाट जनताको समस्या समाधान गर्ने उम्मेदवार चयन गर्नेछ। तसर्थ, हावाको पछि होइन धरातलमा बसेर काम गरौ।'

सिरहा जिल्लाको १७ वटा पालिकामा प्रशिक्षण र भेटघाटको लागि मनिष झा, मितिमा कार्की भण्डारी र राजेश चौधरीलाई जिम्मेबारी तोकिएकोमा पहिलो चरणमा तीन पालिकामा सकिएको र बाँकी रहेको पालिकाहरुमा समेत चाँडै कार्यक्रम गरिने रास्वपा सिरहा अध्यक्ष हरि मैनालीले बताउनुभयो।

## चाडपर्वमा मधेशमा सात हजारभन्दा बढी प्रहरी परिचालन

सिरहा, २१ असोज। मधेश प्रदेश प्रहरी कार्यालयले बडादसैँ, तिहार र छठ पर्वलाई लक्षित गरी मधेश प्रदेशमा सात हजार २२९ जना प्रहरी परिचालन गर्ने भएको छ। चाडपर्वका समयमा हुने अत्यधिक भीडभाड, सीमा क्षेत्रमा हुने तस्करी, सडक दुर्घटना, चोरी–डकैती तथा अन्य आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीले विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको हो।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार असोज २९ गतेदेखि कात्तिक ३० गतेसम्म लागू हुने गरी सुरक्षा योजना तयार गरिएको छ। योजनाअनुसार प्रदेश प्रहरी कार्यालयसहित पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा गरी सात हजार २२९ प्रहरी सुरक्षा व्यवस्थापनमा खटिनेछन्।

सुरक्षा योजनाअनुसार सबैभन्दा बढी धनुषामा एक हजार ५९९, बारामा ८७०, रौतहटमा ८६३ र सप्तरीमा ८५७ जना प्रहरी परिचालन हुनेछन्। त्यस्तै, सर्लाहीमा ७९२, महोत्तरीमा ७४७, पर्सामा ६६१, सिरहामा ६५१ तथा मधेश प्रदेश प्रहरी कार्यालयमा १८९ जना प्रहरी परिचालन गरिने उहाँले जानकारी दिनुभयो।

प्रदेशभर परिचालित हुने प्रहरीलाई जिल्ला रिजर्भ, क्विक रेस्पोन्स टिम (

–बाँकी तीन पेजमा

## मधेस कृषि विश्वविद्यालयमा चार वर्षमै विद्यार्थी आधाभन्दा बढी घटे

**मुकेशकुमार यादव**

राजविराज, २१ मंसिर। मधेस प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह र अर्थमन्त्री युवराज भट्टराईले सप्तरीको राजविराजस्थित निर्माणाधीन मधेश कृषि विश्वविद्यालयको अनुगमन गरेका छन्। करिव २६ बिघा जग्गा रहेको विश्वविद्यालयको निर्माणाधीन भौतिक संरचना तथा शैक्षिक अवस्थाबारे मन्त्रीद्वयले स्थलगत निरीक्षण गर्दै विश्वविद्यालय प्रशासनसँग जानकारी लिएका हुन्। अनुगमनका क्रममा शिक्षा तथा संस्कृति मन्त्री सिंहले आर्थिक वर्ष २०८३/०८४ मा निर्माणाधीन भवन सम्पन्न गर्न शिक्षा मन्त्रालयले ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए।

मन्त्री सिंहले मधेश कृषि विश्वविद्यालयलाई मधेश प्रदेशकै नमुना विश्वविद्यालयका रूपमा विकास गर्ने सरकारको योजना रहेको बताए। शिक्षा क्षेत्रको अवस्था जटिल रहेको स्वीकार गर्दै उनले प्रदेश सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको दाबी गरे।

### विद्यार्थीका गुनासोमा मन्त्रीको चासो

अनुगमनका क्रममा मन्त्रीद्वयले विश्वविद्यालयका विद्यार्थीहरूसँग पनि छलफल गरेका थिए। विद्यार्थीहरूले विश्वविद्यालयमा देखिएका विभिन्न समस्या तथा गुनासा मन्त्रीसमक्ष राखेका थिए। विद्यार्थीका समस्या समाधानका लागि विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रारसँग छलफल गर्न शिक्षा मन्त्री सिंहले निर्देशन दिए। विद्यार्थीका गुनासा समयमै सम्बोधन गर्न उनले विश्वविद्यालय प्रशासनलाई आग्रह गरे।

### चार वर्षमा विद्यार्थी संख्या ५० बाट २१ मा

भौतिक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले बजेट थप्दै गए पनि विश्वविद्यालयमा विद्यार्थीको संख्या भने निरन्तर घटिरहेको छ। विश्वविद्यालयमा २०८० वैशाख १३

–बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अब ढिलाइ होइन, सञ्चालन चाहिन्छ

पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुग्नु मधेशका नागरिकका लागि महत्वपूर्ण खबर हो। वर्षौंदेखि निर्माण, क्षति, पुनःनिर्माण र ढिलाइको चक्रमा फसेको यो पुल अब आगामी मंसिरदेखि सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। त्यसैले अहिलेको मुख्य प्रश्न पुल कहिले बन्छ भन्ने होइन, तोकिएको समयभित्र सुरक्षित र गुणस्तरीय रूपमा सञ्चालनमा आउँछ कि आउँदैन भन्ने हो।

कमला पुल मधेशका लागि एउटा सामान्य भौतिक संरचना मात्र होइन। यसले दुई जिल्ला, दुई क्षेत्र र हजारौँ नागरिकको दैनिक जीवनलाई जोड्छ। पुल नहुँदा स्थानीयवासीले नदी तर्न डुङ्गाको सहारा लिनुपरेको थियो। वर्षायाममा आवागमन थप जोखिमपूर्ण बन्ने गरेको थियो। बजार, शिक्षा, स्वास्थ्य, रोजगारी तथा प्रशासनिक सेवाका लागि एक ठाउँबाट अर्को ठाउँ पुग्नुपर्ने नागरिकले भोगेको कठिनाइको प्रत्यक्ष समाधान यही पुल हो।

विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलको पिलर भाँचिएपछि यसको यात्रा झन् जटिल बन्यो। निर्माणको लामो प्रक्रियापछि तयार भएको संरचना उद्घाटनकै मुखमा क्षतिग्रस्त हुनु पूर्वाधार निर्माणमा जोखिम मूल्यांकन, गुणस्तर र जवाफदेहिताको प्रश्नसँग पनि जोडिन्छ। त्यसपछि पुनःनिर्माणमा भएको ढिलाइले नागरिकको धैर्यको परीक्षा लियो। अहिले पिलर उठाउने, सुपर ढलान तथा सबलीकरणको काम अघि बढ्नु सकारात्मक भए पनि विगतको ढिलाइ दोहोरिन नदिन राज्यका सम्बन्धित निकाय थप जिम्मेवार हुनुपर्छ।

कमला पुलको अनुभवले नेपालमा पूर्वाधार निर्माणको एउटा पुरानो समस्या उजागर गर्छ—ठेक्का सम्झौता भएपछि काम सम्पन्न गर्ने समयसीमा र त्यसको निगरानी कमजोर हुनु। कमला पुलको मूल ठेक्का २०६८ सालमै भएको तथ्यले यसको निर्माण यात्रा कति लामो रह्यो भन्ने देखाउँछ। कुनै पनि पूर्वाधार आयोजना दशकौँसम्म निर्माणकै चरणमा रहनु विकास प्रशासनका लागि सामान्य अवस्था बन्नु हुँदैन। आयोजना समयमै सम्पन्न नहुँदा निर्माण लागत, नागरिकको समय र आर्थिक अवसर सबैमा अतिरिक्त भार पर्छ।

हुलाकी राजमार्गको समग्र प्रगति भने केही आशालाग्दो छ। सिरहादेखि सर्लाहीसम्मको ४०६.४३ किलोमिटर सडकखण्डमध्ये ३४७.६३ किलोमिटर कालोपत्र भइसकेको र २४ वटा पुल निर्माण सम्पन्न भएको तथ्यले सडक सञ्जाल विस्तार भइरहेको देखाउँछ। तर जिल्लागत रूपमा बाँकी रहेका सडकखण्डको काम पनि समयमै पूरा गर्न आवश्यक छ। विशेषगरी सिराहामा निर्माणाधीन सडकको हिस्सा तुलनात्मक रूपमा उल्लेख्य रहेकाले त्यसतर्फ थप ध्यान दिनुपर्छ।

सडक निर्माणमा घरटहरा हटाउन ढिलाइ, जग्गासम्बन्धी विवादलगायत समस्या रहेको बताइएको छ। यस्ता समस्या आयोजना सुरु भएपछि मात्र समाधान खोज्ने प्रवृत्तिले निर्माण अवधि लम्ब्याउने गरेको छ। भविष्यका आयोजनामा जग्गा, वातावरण, बस्ती र अन्य प्रशासनिक विषयको पूर्वतयारीलाई ठेक्का प्रक्रियाकै महत्वपूर्ण हिस्सा बनाउनुपर्छ। निर्माणस्थलमा पुगेपछि विवाद खोज्ने होइन, आयोजना सुरु हुनुअघि नै समाधान गर्ने अभ्यास आवश्यक छ।

हुलाकी राजमार्गको वास्तविक लाभ सडक र पुल बनेपछि मात्र देखिनेछ। राम्रो सडकले गाउँलाई बजारसँग जोड्छ, कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने लागत घटाउँछ, विद्यार्थीलाई विद्यालय र बिरामीलाई स्वास्थ्य संस्थासम्म पुग्न सहज बनाउँछ। स्थानीय उत्पादनको व्यापार विस्तारसँगै पर्यटन, उद्योग, सेवा तथा रोजगारीका अवसर पनि बढ्न सक्छन्। त्यसैले हुलाकी राजमार्गलाई केवल यातायात पूर्वाधारका रूपमा होइन, मधेशको आर्थिक रूपान्तरणको आधारका रूपमा हेर्नुपर्छ।

तर सडक बनेपछि त्यसको गुणस्तर र नियमित मर्मत पनि उत्तिकै आवश्यक हुन्छ। निर्माण सम्पन्न भएको केही वर्षमै सडक बिग्रने, पुलमा क्षति पुग्ने वा नाला व्यवस्थापन नहुँदा सडक डुबानमा पर्ने अवस्था दोहोरिनु हुँदैन। पूर्वाधारमा लगानीको अर्थ निर्माण मात्र होइन, दीर्घकालीन संरक्षण पनि हो। कमला पुल अब निर्माणको अन्तिम चरणमा छ। यसपटक नागरिकले अर्को मिति सुन्न चाहेका छैनन्। उनीहरू सुरक्षित रूपमा पुलबाट आवागमन गर्न चाहन्छन्। त्यसैले सम्बन्धित निकायले बाँकी काम, प्राविधिक परीक्षण, पहुँच सडक र सुरक्षा व्यवस्थालाई समयमै पूरा गरी मंसिरको सञ्चालन लक्ष्यलाई व्यवहारमा उतार्नुपर्छ।

हुलाकी राजमार्गले मधेशका ग्रामीण भूगोललाई जोड्दैछ। अब जोडिएका सडक र पुलले जोडिएको अर्थतन्त्र पनि निर्माण गर्नुपर्छ। कमला पुल त्यस यात्राको महत्वपूर्ण कडी हो। वर्षौंको प्रतीक्षापछि आएको अवसर फेरि ढिलाइको कारण गुम्नु हुँदैन। अब बहाना होइन, सञ्चालन र परिणाम चाहिन्छ।

# महाधिवेशनबाट चोला नफेरे सकिन्छ नेपाली कांग्रेस

## अबको नेपाली कांग्रेसलाई यस दोबाटोबाट कुन गोरेटो लिने भन्ने निर्णय गराउनका लागि महाधिवेशन प्रतिनिधिहरूको अहम् भूमिका हुनेछ



प्रतीक प्रधान

**कुनै पनि एउटा विदेशीले नेपाल देशलाई सम्झनुपऱ्यो भने के सम्झन्छ ?**

हामीलाई लाग्छ– उसले सगरमाथा र हिमाल सम्झन्छ, बुद्ध र शान्ति सम्झन्छ अनि प्रकृति र सोझा नेपाली सम्झन्छ। तर वास्तविकता उति सुन्दर छैन। नेपालीको अगाडि कसैले माथिका विशेषणसहित नेपालको प्रशंसा गरे पनि वास्तवमा उसले 'नेपाल' भन्नेबित्तिकै मजदुर, चौकीदार र घरेलु कामदारको निर्यात गर्ने र तिनकै आम्दानीमा बाच्ने एउटा अत्यन्त गरिब देश भनेर सम्झन्छ।

अलिक अगाडिको कुरा सम्झँदा माओवादी र द्वन्द्वको देश भन्लान् भने अहिलेको समाचार सम्झँदा 'जेन–जी' आन्दोलन र आफ्ना सम्पदा आफैँ जलाउने युवाको देश भन्लान्। अनि अब, प्राकृतिक प्रकोपले आक्रान्त देश भनेर पनि सम्झलान्। जसरी विदेशीले हाम्रो अगाडि र हाम्रो पछाडि फरक तरिकाले हाम्रो देशको परिचय गराउँछन् त्यसैगरी हामी नेपालीले पनि हाम्रा शासक र राजनीतिक दललाई एक ढङ्गले बुझ्ने र अर्को ढङ्गले वर्णन गर्ने काम गर्छौं।

प्रसङ्ग नेपाली कांग्रेसको १५औँ महाधिवेशनको हो। यसपटकको महाधिवेशनबाट नेपाली कांग्रेसले आफूलाई परिवर्तन गर्न सकेन भने मतदाताले आवरणमा यो राजनीतिक दललाई नेपालको लोकतन्त्रको धरोहर भन्दै गर्दा निर्वाचनको समयमा भने मतपत्रमार्फत वियोगान्त सन्देश दिने सम्भावना बलियो रहेको छ।

त्यसैले, यो लेख नेपाली कांग्रेसको नेतृत्व चयन गर्न भेला भएका ७ हजार २५५ महाधिवेशन प्रतिनिधितर्फ लक्षित छ। यी प्रतिनिधिले चुनेको नेपाली कांग्रेसको नेतृत्वको अनुहारबाटै थाहा हुन्छ– अब भविष्यमा यो राजनीतिक दल नेपालको शासन सत्तामा फर्कन्छ वा नेपालमा २००७ सालको प्रजातन्त्र ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने 'प्रजा परिषद्' जस्तै इतिहासको गर्तमा बिलाएर जान्छ।

अहिले नेपाली कांग्रेस एउटा दोबाटोमा उभिएको छ। यहाँबाट उसको यात्रा कसरी अघि बढ्छ भन्ने निर्क्यौल १५औं महाधिवेशनबाट निर्वाचित भएर आउने नेतृत्व पङ्क्तिले गर्नेवाला छ। अर्को शब्दमा अबको नेपाली कांग्रेसलाई यस दोबाटोबाट कुन गोरेटो लिने भन्ने निर्णय गराउनका लागि महाधिवेशन प्रतिनिधिहरूको अहम् भूमिका हुनेछ।

अहिले 'नेपाली कांग्रेस' भनेर वा यस दलको नेता भनेर कस्ता व्यक्तिलाई चिनिन्छ ? यसका लागि विगतमा कांग्रेस कसरी चिनिन्थ्यो र कालान्तरमा यो दलप्रति जनताको कस्तो भावना रह्यो त्यसको मूल्याङ्कन गर्न जरुरी हुन्छ।

विसं २००३ सालमा प्रजातन्त्रका लागि संघर्ष गर्दै गरेका विश्वेश्वरप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारीलगायतलाई विराटनगरमा पक्राउ गरेर २२ दिन पहाडी बाटो हिँडाएर ल्याएको थियो राणा सरकारले।

त्यसैबेला, जतिले ती कलिला युवाको समाज बदल्ने चेतका विषयमा सुन्न पाए वा तिनलाई देख्न पाए ती सबै प्रजातन्त्रका हिमायती र नेपाली कांग्रेसका समर्थक भए। तीमात्र होइन, तिनका सन्तान दरसन्तानहरू समेतले यो दलप्रति धेरै लामो समय निष्ठा देखाए। विसं २०१५ सालमा भएको निर्वाचनमा नेपाली कांग्रेसले करिब दुई तिहाइ बहुमतको सरकार बनायो।

विसं २०१७ सालमा शाही कू भयो र नेपालको प्रजातन्त्र खोसियो। तर, ३० वर्षको शाही शासनकालमा पनि नेपाली कांग्रेसले जनजनको मन मस्तिष्कमा सल्काएको लोकतन्त्र र स्वतन्त्रताको आगो निभ्न दिएन। त्यसैले २०४६ सालमा यही दलको नेतृत्वमा देशमा प्रजातन्त्रको पुनःस्थापना भयो।

देश र जनताको दुर्भाग्यको विषवृक्ष प्रजातन्त्रको पुनःस्थापनापछि विस्तारै बढ्दै गयो। वि.सं. २०४८ को निर्वाचनपश्चात् नेपाली कांग्रेसको मूल्य र मान्यतामा ह्रास आएको देखियो। विसं २०५१ सालमा मध्यावधि निर्वाचन हुनुपर्ने अवस्थासम्म पुग्दा कांग्रेसीहरूमा लोभ, स्वार्थ र शत्रुता बढेर गयो। त्यसपछिका दिनमा यो विषवृक्ष बढ्दै र झाँगिँदै गयो। भ्रष्टाचार, अनाचार, दुराचार सबै किसिमका जनद्रोही काममा नेपाली कांग्रेसका सदस्यहरूको संलग्नता बढेर गयो।

वि.सं. २००३ सालमै जनताको मनमनमा बस्न पुगेको नेपाली कांग्रेसप्रतिको आस्था र विश्वास विसं २०८३ को संसदीय निर्वाचनसम्म पुग्दा करिब निमिट्यान्न हुने अवस्थामा पुगेको छ। विसं २०८२ को भदौ २४ गते नेताहरूको घरघरमा पैसाको थुप्रो जल्दै गर्दा जनताको मन मनबाट 'रूख' र 'चारतारे'को अमिट छाप धमिलिँदै गएको स्पष्ट भयो। त्यसैले ल्यायो नेपाली कांग्रेसको विशेष महाधिवेशन र १५औं महाधिवेशन।

अहिलेको अवस्थामा परिवर्तनकामी, इमानदार, स्वच्छ र जुझारू कांग्रेसी कार्यकर्ताले नेपाली कांग्रेस परिवर्तित भएको छ भन्ने सन्देश दिन सकेनन् भने लोकतन्त्र, राष्ट्रियता र समाजवादको नाराले मात्र राष्ट्रिय निर्वाचनमा मतदातालाई आकर्षित गर्न सक्ने अवस्था छैन।

अबको कांग्रेसी नेता दलाल होइन, ठेक्कापट्टा लिने वा दिलाउने बिचौलिया होइन, जागिर खुवाउने वा सरुवा बढुवा गराउने एजेन्ट होइन, विदेशीको दलाल होइन, देशको राजस्व हडप्ने जनतामारा नेता होइन भन्ने प्रमाणित गर्ने जिम्मेवारी यो महाधिवेशनको हो।

महाधिवेशन प्रतिनिधिलाई सजिलो छ – केन्द्रीय समितिको निर्वाचनमा होमिएका ९०९ उम्मेदवारमध्ये को को माथि भनिएका विशेषणबाट विभूषित हुन लायक छन्, तिनलाई मत दिनु भएन। हुन त मतदाता महाधिवेशन प्रतिनिधि पनि कतिपय यस्ता विभूषणबाट विभूषित हुन लायक होलान् तर पनि तिनले गलत ढङ्कको नेपाली कांग्रेसलाई अघि बढाए भने यो दल फेरि शासन सत्तामा पुग्न निकै गाह्रो हुनेछ। अर्थात् तिनको अभीष्ट फेरि पनि पूरा हुनेछैन। वर्तमान सरकारसँग जनता चिढिए भने तिनले अर्को शक्ति परीक्षण गर्लान् तर पुनः पुरानै ढर्राको नेपाली कांग्रेसलाई शिरमा चढाउने छैनन्।

**नयाँ ढङ्गको नेपाली कांग्रेस कसले बनाउला ?**

गगन थापाले प्रण गरेका छन् उनले अबको नेपाली कांग्रेसलाई सही ढङ्गले अघि बढाउन प्रयत्न गर्नेछन्। उनलाई विश्वास गर्न सकिन्छ। एकपटकलाई 'शंकाको लाभ' थापाले पाउनै पर्ने देखिन्छ। विश्वप्रकाश शर्माले आफूलाई भविष्यको नेतृत्वका रूपमा उभ्याएर वरिष्ठ उपाध्यक्षको पदमा निर्विरोध भइसकेका छन्। उनलाई पनि विश्वास गर्न सकिन्छ।

वरिष्ठ उपसभापतिमा पुष्पा भुषाल निर्विरोध भइसकेकी छन्। खुलाबाट दुई उपसभापति निर्वाचित हुनेमा डा. मिनेन्द्र रिजालले उमेदवारी फिर्ता लिएपछि आठ जना प्रतिस्पर्धी देखिएका छन्। डा. रिजाल एक सक्षम व्यक्तित्व हुन् तर उनले जे सुकै कारणले होस् उमेदवारी फिर्ता लिएका छन्। बाँकी आठ जनामा गोविन्द भट्टराई, देवराज चालिसे, सुरेन्द्रराज पाण्डे वा चन्द्र भण्डारीमध्ये कोही दुई निर्वाचित भए सकारात्मक सन्देश जान सक्छ।

उपसभापतिको समावेशीमा उम्मेदवारी दिनेमध्ये विनोद चौधरीको नाम सबैभन्दा फरक छ। उनी भ्रष्ट होइनन्, दलाल होइनन्। आफ्नै मिहिनेतले विश्वभर चर्चित भएका अर्बपति चौधरीले नेपाली राजनीतिमा केही योगदान दिन खोज्नु सकारात्मक सोच हो। उनले यस दललाई खुला अर्थतन्त्र र विकासको बाटोमा डोऱ्याउन ठूलो भूमिका खेल्न सक्छन्।

महामन्त्री खुलाबाट जम्मा दुई जना निर्वाचित हुँदैछन् भने एक जना महिलाबाट चुनिने छन्। महामन्त्रीमा प्रदीप पौडेल निर्विकल्प जस्तै देखिन्छन्। उनी स्वास्थ्यमन्त्री हुँदा देशका लागि गरेको योगदानले पनि उनलाई नेपाली कांग्रेसको नेतृत्वमा पुग्न सहयोग पुग्नुपर्छ। अर्को एक महामन्त्रीमा नैनसिंह महर र उदय शम्शेर राणा सही चयन हुन सक्छन्। महिला महामन्त्रीमा महालक्ष्मी उपाध्याय डिना सही चयन हुन सक्छिन्।

यसबाहेक अन्य धेरै पदहरू छन् जसमा मतदाताले आफ्नो विवेक प्रयोग गर्नुपर्छ। सबै पदका सबै उमेदवारमा केही न केही सकारात्मकता छ भने केही न केही नकारात्मकता पनि हुनसक्छ। तर, माथि भनिएजस्तै 'नेपाली कांग्रेस कस्तो राजनीतिक दल हो ?' भनेर कसैले प्रश्न गर्दा इतिहासको थुप्रो मात्र देखाएर हुँदैन यसका नेताको छवि र तिनको क्रियाकलाप पनि स्वच्छ हुनुपर्छ। बाह्रखरी

## मधेस कृषि ...

गतेदेखि कक्षा सञ्चालन भएको थियो। पहिलो वर्ष ५० जना विद्यार्थी भर्ना भएका थिए। २०८१ मा पनि विद्यार्थी संख्या ५० नै थियो। तर २०८२ मा विद्यार्थी संख्या घटेर ४२ मा झऱ्यो। २०८३ मा ३० जना विद्यार्थी मात्रै भर्ना भए। अहिले विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या २१ जनामा सीमित भएको उपकुलपति डा. वैद्यनाथ महतोले जानकारी दिए।

चार वर्षको अवधिमा विद्यार्थी संख्या ५० बाट २१ मा झर्नुले विश्वविद्यालयमा विद्यार्थी आकर्षण घटिरहेको देखाएको छ। विद्यार्थी पक्षले भने विश्वविद्यालय प्रशासनको कमजोरी र लापरबाहीका कारण विद्यार्थी संख्या घट्दै गएको गुनासो गरेको छ। उपकुलपति बैधनाथ महतोका अनुसार विश्वविद्यालयले विद्यार्थीलाई आकर्षित गर्न विभिन्न छात्रवृत्ति तथा आर्थिक सहयोगको व्यवस्था गरेको छ।

विश्वविद्यालयले उत्कृष्ट १० विद्यार्थीलाई प्रत्येक सेमेस्टर १२ हजार रुपैयाँका दरले चार वर्षसम्म अध्ययनका लागि सहयोग गर्ने व्यवस्था गरेको छ। त्यस्तै, ११ जना दलित, गरिब तथा जेहेन्दार विद्यार्थीलाई चार लाख रुपैयाँ शुल्कमध्ये ३ लाख २० हजार रुपैयाँमात्र शुल्क लाग्ने बताए। उनले भने, अन्य विद्यार्थीका लागि चार वर्षको अध्ययनमा सबै सेमेस्टरको गरी करिब ४ लाख ५० हजार रुपैयाँ शुल्क लाग्ने जानकारी दिए। भौतिक पूर्वाधार निर्माणमा सरकारले बजेट थपे पनि विद्यार्थी संख्या भने निरन्तर घटिरहेको छ।

# विवादमा मन्त्रीको अनुगमन

मन्त्रीको अनुगमन शैलीलाई लिएर महोत्तरीमा व्यवसायी र प्रशासनबीच विवाद बढेको छ।

**वीरेन्द्र रमण**

जनकपुरधाम, २१ असोज। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो बुधबार महोत्तरीको सदरमुकाम जलेश्वरमा बजार अनुगमनका लागि पुगे। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरको टोलीसहित अनुगमनमा पुगेका मन्त्री महतोले दुईवटा पसललाई ५०–५० हजार रुपैयाँ जरिवाना गर्न निर्देशन दिए। एउटा होटलमा बिक्रीका लागि राखिएको मिठाईमा किरा भेटिएको भन्दै उनले उक्त मिठाई नष्ट गर्नसमेत निर्देशन दिए।

अनुगमनका क्रममा मन्त्रीको कार्यशैलीलाई लिएर व्यवसायी र मन्त्रीबीच विवादको अवस्था सिर्जना भएको थियो। व्यवसायीले मन्त्रीको शैलीप्रति आपत्ति जनाउँदै पसल बन्द गरेर विरोध गरेपछि जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएका छन्।

**अनुगमनको शैलीमा आपत्ति**

जलेश्वरका व्यवसायीले प्रमुख जिल्ला अधिकारीलाई बुझाएको ज्ञापनपत्रमा मन्त्री महतोको नेतृत्वमा दलबलसहित गरिएको अनुगमनले व्यवसायीलाई त्रसित बनाएको आरोप लगाएका छन्। "मन्त्रीको अगुवाइमा राज्य आतंक मच्चाउने गरी दलबलसहित अनुगमनका नाममा व्यवसायीलाई तर्साउने र प्रहरी लगाएर धम्काउने शैलीप्रति हाम्रो घोर आपत्ति छ," ज्ञापनपत्रमा भनिएको छ।

व्यवसायीले अनुगमनका क्रममा वस्तुको गुणस्तर परीक्षणका लागि प्रयोगशाला जाँचको प्रक्रिया अपनाउनुपर्नेमा त्यसो नगरी तत्काल कारबाही गरिएको दाबी गरेका छन्। होटल व्यवसायीले ताजा बनाएको मिठाईसमेत नष्ट गर्न खोजिएको भन्दै उनीहरूले प्रयोगशाला परीक्षणको माग गरेका छन्।

व्यवसायीका अनुसार गुणस्तरीय सामानलाई समेत गुणस्तरहीन भन्दै नष्ट गर्न लगाउने, अनावश्यक जरिवाना गर्ने तथा विरोध गर्ने व्यवसायीलाई पक्राउ गर्ने चेतावनी दिने कार्य स्वीकार्य हुन सक्दैन। व्यवसायीले यस्तो व्यवहारको विरोध गर्दै आफ्ना माग पूरा नभए चरणबद्ध रूपमा आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन्।

**यसअघि पनि विवादमा अनुगमन**

मन्त्री महतोको बजार अनुगमनलाई लिएर यसअघि पनि विवाद भएका घटना सार्वजनिक भएका छन्। ७ साउनमा महोत्तरीको बर्दिबासस्थित विभिन्न होटलमा अनुगमन गर्ने क्रममा मन्त्री महतो र नाव्या होटलका सञ्चालक सुधीर अग्रवालबीच विवाद भएको थियो। विवादपछि अग्रवाललाई प्रहरीले पक्राउ गरेको थियो।

व्यवसायीहरूले अनुगमनका नाममा व्यवसायीलाई अपराधीसरह व्यवहार गर्ने, सार्वजनिक रूपमा बदनाम गर्ने तथा अनावश्यक धरपकड गर्ने शैलीले व्यावसायिक वातावरण प्रभावित भएको बताएका छन्। गत साता जनकपुरधामका केही मासु पसलमा गरिएको अनुगमनका क्रममा करिब १० जना व्यवसायीलाई मन्त्रीको निर्देशनपछि प्रहरीले नियन्त्रणमा लिएको र केही समयपछि छाडिएको व्यवसायीको दाबी छ।

यसअघि करिब चार महिनाअघि पनि मन्त्री महतो जनकपुरधामका विभिन्न चोकमा सडकपेटी तथा फुटपाथ अतिक्रमण हटाउन आफैं सडकमा निस्किएका थिए। केही समय सडकपेटी खाली गरिए पनि अहिले पुनः पुरानै अवस्था देखिएको व्यवसायीको भनाइ छ।

पेठिया बजारमा समेत कृषि बजार व्यवस्थित गर्ने भन्दै व्यापारीका सामान हटाइएको र पछि बजार व्यवस्थित गर्ने घोषणा गरिएको व्यवसायी बताउँछन्। तर, त्यसअनुसार काम अघि नबढेको उनीहरूको गुनासो छ। व्यवसायीहरूले मन्त्री महतोले अनुगमन तथा सडकपेटी हटाउने क्रममा मिडियामा प्रचार हुने गरी सक्रियता देखाउने तर त्यसपछि निरन्तरता नदिने गरेको आरोप लगाएका छन्।

**संग्रहालय अनुगमनमा पनि विवाद**

मन्त्री महतोको अनुगमनलाई लिएर असार २८ गते जनकपुरधामस्थित जानकी मन्दिरअन्तर्गत सञ्चालित संग्रहालय र विवाहमण्डप (मरवा) को अनुगमनका क्रममा पनि विवाद भएको थियो। अनुगमनका क्रममा प्रवेश शुल्क व्यवस्थापन पारदर्शी नभएको आशंका व्यक्त गर्दै नगद रकम तथा सम्बन्धित कागजात नियन्त्रणमा लिइएको थियो। घटनापछि संग्रहालय दुई दिन बन्द भएको थियो।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले मन्त्री महतोको अनुगमन शैलीमाथि प्रश्न उठाएका थिए। उनले कानुनी प्रक्रिया पूरा नगरी अनुगमन गरिएको तथा धार्मिक संस्थाको नियमित काम प्रभावित भएको आरोप लगाएका थिए।

**व्यवसायीको गुनासो, मन्त्रीको जवाफ**

जलेश्वर उद्योग वाणिज्य संघका महासचिव राजकुमार पूर्वेले मन्त्रीको अनुगमन शैलीले व्यवसायीलाई त्रसित बनाउने गरेको बताए। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि अनुगमन गर्ने शैली उचित नभएको बताए। उनले व्यवसायीलाई अभद्र व्यवहार गर्ने, रिपोर्टबिनै पक्राउ गर्ने वा जरिवाना गर्ने जस्ता निर्देशन स्वीकार्य नहुने बताए। "अनुगमन गर्दा ऐनले तोकेको प्रक्रिया र अधिकारको ख्याल गर्नुपर्छ। मन्त्रीको व्यवहार र शैलीले प्रश्न उठाएको छ," भण्डारी भन्छन्।

यता खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रमुख विमल दाहालले मन्त्री महतो अनुगमनमा सहभागी हुने गरेको र कार्यालयले त्यसलाई सहजीकरण गर्ने गरेको बताए। अनुगमनका लागि मन्त्रीको अधिकारसम्बन्धी विषय भने सम्बन्धित कानुनी व्यवस्थाअनुसार हेर्नुपर्ने उनको भनाइ छ।

मन्त्री महतोले भने नाफा कमाउने नाममा सर्वसाधारणको स्वास्थ्यसँग खेलबाड गर्ने होटल तथा व्यवसायीलाई कुनै पनि हालतमा नछाड्ने बताएका छन्। उनले दोषी भेटिए कडा कानुनी कारबाही गरिने बताए। महतोका अनुसार बजार अनुगमनका लागि स्थानीयबाट समेत दबाब आउने गरेको छ। "जनताको मन्त्री भएकाले जनताको पक्षमा काम गरिरहेको छु," उनी भन्छन्।

**अनुगमनको अधिकार कसको?**

बजार अनुगमनमा विभिन्न सरकारी तथा नियामक निकायको भूमिका रहने व्यवस्था छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका कार्यालयले खाद्य वस्तुको गुणस्तर, उपभोग्य मिति तथा मिसावटलगायत विषयमा अनुगमन गर्छन्। जिल्ला प्रशासन कार्यालयले प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला तहमा नियमित तथा चाडपर्वलक्षित संयुक्त बजार अनुगमन टोली परिचालन गर्न सक्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले कालोबजारी, कृत्रिम अभाव, मूल्य वृद्धि तथा उपभोक्ता अधिकार हननलगायत विषयमा अनुगमन र कारबाही गर्छ।

त्यस्तै स्थानीय तहले आफ्नो क्षेत्रभित्रका होटल, रेस्टुरेन्ट, पसल तथा खाजाघरको अनुगमन गर्ने जिम्मेवारी पाउँछन्। स्थानीय तह र अन्य सम्बन्धित निकायको समन्वयमा संयुक्त बजार अनुगमनसमेत हुने गरेको छ। चाडपर्व वा विशेष समयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन, स्थानीय तह, नेपाल प्रहरी तथा अन्य सरोकारवाला निकायको सहभागितामा संयुक्त टोली बनाएर बजार, होटल तथा पसलको निरीक्षण गर्ने गरिएको छ।

अनुगमनका क्रममा कैफियत भेटिएमा सम्बन्धित कानुनअनुसार म्याद नाघेका वा अखाद्य सामग्री नष्ट गर्ने, जरिवाना गर्ने तथा आवश्यक अवस्थामा व्यवसाय बन्द वा सिल गर्नेसम्मका कारबाही हुने व्यवस्था छ। मन्त्री महतोको पछिल्लो अनुगमनलाई लिएर व्यवसायी र सरकारी निकायबीच देखिएको विवादले भने बजार अनुगमनको अधिकार, प्रक्रिया र कार्यशैलीबारे पुनः बहस सिर्जना गरेको छ। नेपाल न्यूज

*चाडपर्वमा मधेशमा ...*

क्यूआरटी), स्ट्राइकिङ टोली, ट्राफिकसहितको चेकिङ, मोबाइल तथा पैदल गस्ती र शङ्कास्पद स्थानमा पिकेटिङमा खटाइनेछ। राजमार्गमा स्कर्टिङ तथा यात्रु सहायता कक्ष सञ्चालन गर्नुका साथै सीमा नाकामा चोरी–तस्करी नियन्त्रणका लागि विशेष निगरानी गरिनेछ। धार्मिक तथा पर्यटकीय स्थलमा हुने भीड व्यवस्थापन, बजार अनुगमन, कर्डन तथा सर्च, सभा, जुलुस र धर्नाको आकस्मिक सुरक्षा तथा विपद् प्रतिकार्यका लागि समेत प्रहरी परिचालन गरिने सुरक्षा योजनामा उल्लेख छ प्रदेशभरका विभिन्न एक हजार १२४ ड्युटीमा पाँच हजार ४८१ जनशक्ति परिचालन हुने व्यवस्था गरिएको छ।

मधेश प्रदेशमा चाडपर्वका समयमा भारतसँग जोडिएका सीमा नाकामा मानिसको आवतजावत अत्यधिक बढ्ने भएकाले खुला सीमाबाट हुन सक्ने तस्करी तथा अवैध सामान ओसारपसारलाई प्रमुख चुनौतीका रूपमा लिइएको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले जानकारी दिनुभयो। सीमा नाकामा सहायता कक्षसमेत सञ्चालन गरिने उहाँले बताउनुभयो। दसैँमा घर फर्किनेको संख्या बढ्ने र तिहारपछि पुनः आवतजावत बढ्दा सडक दुर्घटना तथा ट्राफिक जाम हुन सक्ने भएकाले राजमार्ग तथा मुख्य सडकमा सुरक्षा निगरानी बढाइने योजना रहेको छ। छठ पर्वका क्रममा नदी, पोखरी तथा जलाशयमा हुने भीडका कारण डुब्ने तथा भीडजन्य दुर्घटनाको जोखिमलाई समेत ध्यानमा राखिएको उहाँले जानकारी दिनुभयो।

चाडपर्वका बेला पटका तथा आतिशबाजीबाट हुन सक्ने आगलागी, जुवातास तथा अवैध सट्टेबाजी, मादक पदार्थ सेवनबाट हुने झैझगडा तथा कुटपिट, पाकेटमारी, चोरी र लुटपाट नियन्त्रणलाई पनि प्रहरीले प्राथमिकतामा राखेको छ।

देउसीभैलो, सांस्कृतिक कार्यक्रम तथा डीजेका कारण रातको समयमा शान्ति सुरक्षामा चुनौती आउन सक्ने भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले त्यस्ता गतिविधिमाथि निगरानी राखिने बताउनुभयो। धार्मिक कार्यक्रम, जुलुस तथा ध्वनि प्रयोगलाई लिएर स्थानीय विवाद वा सामाजिक तनाव उत्पन्न हुन सक्ने अवस्थालाई समेत सुरक्षा योजनामा समेटिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षालाई विशेष प्राथमिकता दिइएको छ। भीडमा हराउने वा दुर्व्यवहार हुन सक्ने अवस्थालाई ध्यानमा राख्दै आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ। यसैगरी, अवैध मदिरा, लागुऔषध तथा प्रतिबन्धित पदार्थको ओसारपसार, कालोबजारी, कृत्रिम अभाव तथा मूल्यवृद्धि नियन्त्रणमा समेत प्रहरी परिचालन गरिने भएको छ।

सामाजिक सञ्जालमार्फत अफवाह तथा गलत सूचना फैलाएर सामाजिक तनाव सिर्जना हुन सक्ने जोखिमलाई समेत प्रहरीले सुरक्षा योजनामा समेटेको छ। आगलागी, विद्युत् सर्ट, भीडजन्य दुर्घटना तथा अन्य आकस्मिक विपद्को अवस्थामा तत्काल परिचालन हुने गरी प्रहरीलाई तयारी अवस्थामा राखिएको छ।

# जीतपुरसिमरा उपमहानगरका योजना कार्यान्वयन र भुक्तानीको सम्पूर्ण अधिकार अब वडा सचिवलाई



बारा, २१ असोज। जीतपुरसिमरा उपमहानगरपालिकाले चालु आर्थिक वर्षदेखि वडास्तरका सम्पूर्ण योजना कार्यान्वयन र भुक्तानी गर्ने अधिकार वडा कार्यालयलाई दिएको छ। उपमहानगर स्थापना भएको १० वर्षपछि पहिलोपटक नगरसभाबाट निर्णय गरेर वडा सचिवमार्फत बजेट कार्यान्वयनको सम्पूर्ण अधिकार वडालाई दिइएको हो।

प्रमुख प्रशासकीय अधिकृत डमरुप्रसाद निरौलाले पहिलो पटक उपमहानगरभित्रका २४ वटै वडाका सचिवलाई योजना सम्झौतादेखि अन्तिम भुक्तानीसम्मको अधिकार दिएको बताए। यस निर्णयसँगै उपमहानगरभित्रका २४ वटा वडाका लागि छुट्याइएको कुल २८ करोड ५० लाख ३८ हजार १४७ रुपैयाँ बराबरका योजना कार्यान्वयनको जिम्मेवारी वडा सचिव र प्राविधिकहरूको काँधमा पुगेको छ।

प्रमुख प्रशासकीय अधिकृत निरौलाले अब वडास्तरका योजनाको सम्झौता, कार्यादेश र भुक्तानी वडा कार्यालयबाटै हुने जनाए। यसअघि वडा तथा नगरस्तरीय सबै योजनाको सम्झौता, कार्यादेश र भुक्तानीका प्रक्रिया उपमहानगरपालिका कार्यपालिकाको कार्यालयबाट हुँदै आएको थियो। सबै योजनाको काम एकै ठाउँबाट गर्दा कार्यालयमा भिड हुनुका साथै समयमै योजना कार्यान्वयनमा चुनौती हुने गरेको थियो।

अब वडास्तरका योजनाको सम्पूर्ण प्रक्रियाको अधिकार वडामै हुने भएपछि योजनाहरू पनि तोकिएको समयमै सम्पन्न हुने र सेवाग्राहीलाई सहज हुने अपेक्षा गरिएको छ। 'वडा कार्यालयहरूलाई प्रशासनिक र वित्तीय रूपमा बलियो, जिम्मेवार र जनताप्रति थप जवाफदेही बनाउन यस वर्षदेखि लागु गरिएको हो,' प्रमुख प्रशासकीय अधिकृत निरौलाले भने, 'वडास्तरका कामको चाप घट्ने भएपछि नगरस्तरीय योजनामा ध्यान केन्द्रित गर्न र प्रभावकारी सेवा प्रवाह गर्न पनि सहज हुन्छ।'

# घुस लिँदै गरेका अवस्थामा मलंगवा नगरपालिकाका इन्जिनियर यादव पक्राउ



जनकपुरधाम, २१ असोज। मलंगवा नगरपालिकाका एक इन्जिनियरलाई १ लाख रुपैयाँ घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ। आयोगको बर्दिबास कार्यालयको टोलीले नगरपालिकाको प्राविधिक शाखामा कार्यरत इन्जिनियर डिकेश यादवलाई मंगलबार साँझ सेवाग्राहीबाट घुसको रकम लिँदै गरेको अवस्थामा पक्राउ गरिएको हो। अख्तियार स्रोतका अनुसार नक्सा पास गरिदिने भन्दै सेवाग्राहीसँग रकम मागेको सूचना पाएपछि अख्तियारको टोली मलंगवा नगरपालिका पुगेको थियो। सोही क्रममा यादवलाई सेवाग्राहीबाट १ लाख रुपैयाँ लिँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको स्रोतले जनाएको छ। यादवसहित अन्य एक जनालाई पनि अख्तियारले नियन्त्रणमा लिए पनि उनको विषयमा थप केही पनि खुलाइएको छैन। अख्तियारको टोलीले यादवलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको छ।

छुवाछुत एक सामाजिक अपराध र
मानव अधिकारको हनन् हो।

# मधेसको शिक्षा क्षेत्रको सुधारका लागि प्रतिवेदन पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई मन्त्री पोखरेलको निर्देशन




धनुषा, २१ असोज। शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेस प्रदेशको शिक्षा क्षेत्रका समस्या पहिचान गरी समाधानका उपायसहित मन्त्रालयमा पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशन दिएका छन्। बुधवार धनुषामा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री पोखरेलले यस्तो निर्देशन दिएका हुन्।

हाल शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै उनले मधेसको शिक्षा क्षेत्रमा रहेका समस्या खोज तथा अध्ययनमार्फत पहिचान गर्न विश्वविद्यालयलाई आग्रह गरे। विश्वविद्यालयहरू पढ्ने र पढाउने काममा मात्र सीमित नभई सम्बन्धित क्षेत्रका समस्या पहिचानका लागि अध्ययन तथा अनुसन्धानमा लाग्नुपर्नेमा उनले जोड दिए। मधेस प्रदेशमा शिक्षाको गुणस्तर सुधारका लागि सरकार गम्भीरताका साथ लागिपरेको उनको भनाइ छ।

नयाँ विश्वविद्यालय स्थापनाका लागि भवन निर्माणको प्रक्रिया समेत अघि बढिसकेको जानकारी दिँदै उनले उपलब्ध स्रोत र क्षमताअनुसार सबै पक्षले काममा केन्द्रित हुनुपर्ने बताए। मधेसका विद्यार्थी उच्च शिक्षाका लागि काठमाडौँ जानुपर्ने बाध्यतालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'अहिले शिक्षा ऐन निर्माणको क्रममा छ। मधेस प्रदेशका शिक्षा क्षेत्रमा रहेका समस्या खोज र अध्ययनमार्फत पहिचान गरी मन्त्रालयमा पेस गर्न म राजर्षि जनक विश्वविद्यालयलाई अनुरोध गर्छु। मधेसमा पढाइ राम्रो हुन नसक्नुको कारण र सम्भावनामा पनि काम गर्नुपर्ने अवस्था छ।'

राजर्षि जनक विश्वविद्यालयले अन्य विश्वविद्यालयको स्तरसम्म पुग्न अझै धेरै मेहनत गर्नुपर्ने आवश्यकता रहेको पनि मन्त्री पोखरेलले बताए।

# बारामा तीन वटा बन्दुकसहित दुई जना पक्राउ

बारा, २१ असोज। बारामा प्रहरीले छुट्टाछुट्टै स्थानबाट तीन वटा बन्दुकसहित दुई जनालाई पक्राउ गरेको छ। निजगढ नगरपालिका–११ रतनपुरबाट भरुवा बन्दुकसहित एक युवक पक्राउ परेका छन् भने सिम्रौनगढ नगरपालिका–६ सलेमपुरबाट दुई थान कट्टुवा पेस्तोल र पाँच राउन्ड गोलीसहित अर्का व्यक्ति नियन्त्रणमा परेका छन्।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार निजगढको रतनपुरस्थित फुटबल मैदान नजिकै नियमित गस्तीमा खटिएको प्रहरी टोलीले मंगलबार राति १०:५० बजेतिर स्थानीय ३९ वर्षीय समशेर रुम्बालाई शंकास्पद अवस्थामा देखेर खानतलासी गर्दा उहाँको साथबाट एउटा भरुवा बन्दुक बरामद भएपछि नियन्त्रणमा लिएको हो।

प्रहरीले रुम्बाको साथबाट बन्दुकबाहेक सेतो प्लास्टिकको डब्बामा राखिएको बारुदजस्तो देखिने पदार्थ ८० ग्राम, सानो प्याकेट तथा बाँसको टुक्रामा प्लास्टिकको डोरी र ट्युब (रबर) प्रयोग गरी बनाइएको पासोसमेत बरामद गरेको छ। भरुवा बन्दुकसहित पक्राउ परेका रुम्बाविरुद्ध हातहतियार तथा खरखजाना मुद्दामा इलाका प्रहरी कार्यालय निजगढमा मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट बुधबार पाँच दिनको म्याद थपगरि अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराका निमित सूचना अधिकारी एवम् प्रहरी निरीक्षक विमल खतिवडाले जानकारी दिनुभयो।

यसैबिच, सिम्रौनगढ नगरपालिका–६ सलेमपुरमा सशस्त्र प्रहरीले विशेष सूचनाका आधारमा दुई थान कट्टुवा पेस्तोल र पाँच राउन्ड गोलीसहित एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका–२ अमृतगञ्जका ५० वर्षीय जयप्रकाश प्रसाद कुशवाहा रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गणले जनाएको छ। कुशवाहालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# एक लाख घुससहित पक्राउ परेका सर्भेक्षकविरुद्ध अख्तियारले चलायो मुद्दा




काठमाडौँ, २१ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको नापी कार्यालय बर्दिबासमा कार्यरत सर्भेक्षक शिव कुमार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। जग्गाको नक्सा संशोधन गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिएको अभियोगमा उनीविरुद्ध बुधबार अख्तियारले विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको हो। सर्भेक्षक साहले जग्गाको अंशबण्डा मुताबिकको नक्सा ट्रयल चेक गरी सोही आधारमा नक्सा संशोधन गरिदिने काममा आलटाल गर्दै सेवाग्राहीलाई अनावश्यक दुःख हैरानी दिएर घुस माग गरेको अख्तियारले जनाएको छ।

सेवाग्राहीबाट प्राप्त सूचना र उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिएको टोलीले उनलाई एक लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा रंगेहात नियन्त्रणमा लिएको थियो। आयोगले सर्भेक्षक साहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो एक लाख रुपैयाँ कायम गरेको छ।

साथै सोही ऐनबमोजिम बिगो अनुसारको जरिवाना र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजायको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

# रौतहटबाट ३७ फरार प्रतिवादी पक्राउ

रौतहट, २१ असोज। फैसला कार्यान्वयन विशेष अभियानअन्तर्गत रौतहटमा विभिन्न मुद्दामा दोषी ठहर भई फरार रहेका ३७ जना प्रतिवादी पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेकाबाट सात वर्ष दुई महिना २७ दिन कैद सजाय र दुई लाख ७३ हजार ७७७ रुपैयाँ जरिवाना असुल हुन बाँकी रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार पक्राउ परेकामाथि जालसाजी, कुटपिट तथा अङ्गभङ्ग, विद्युतीय कारोबार ऐन, नागरिकता कीर्ते, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, लेनदेन बिगो, बालशोषण, जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग र चेक अनादरलगायतका मुद्दा छन्।

प्रहरीको १० दिने विशेष अभियानअन्तर्गत पक्राउ परेका ३७ जनालाई कसुरअनुसार आवश्यक कारबाही, कैद तथा जरिवाना असुलीका लागि रौतहट जिल्ला अदालत गौरमा बुझाइएको प्रवक्ता गौतमले जानकारी दिनुभयो।

# '१२ वर्षसम्म भए पनि श्रीमान्को बाटो कुर्छु'

**विनय कर्ण**

कल्याणपुर, २१ असोज। सिउँदोमा अझै सिन्दुर छ। आँखामा श्रीमान् फर्किएर आउने आशा। बिहानदेखि बेलुकासम्म बाटोतिर हेर्नु र साँझ परेपछि 'आज आउनुहुन्छ कि' भन्ने आशामा दिन बिताउनु यतिबेला राजविराज नगरपालिका–१६ बोरिया टोलकी २७ वर्षीया दरोपती कुमारी सदाको दैनिकी बनेको छ। भदौ १० गते रसुवामा आएको बाढीमा उहाँका श्रीमान् सुरेन्द्र सदा बेपत्ता हुनुभएको डेढ महिना बित्न लागिसकेको छ। तर, दरोपतीले श्रीमान्को मृत्यु भएको हुन सक्ने कुरालाई स्वीकार गर्नुभएको छैन्। उहाँको विश्वास छ, 'श्रीमान् सुरेन्द्र जीवित्तै फर्केर आउनुहुन्छ।'

नुवाकोटको किस्पाङ गाउँपालिका–५ स्थित त्रिशूली श्री 'बी' जलविद्युत आयोजनामा सुरेन्द्र चार महिनादेखि कामदारका रुपमा कार्यरत हुनुहुन्थ्यो। बाढी आएपछि उहाँ सम्पर्कविहीन हुनुभयो। त्यसयता दरोपतीसँगै उहाँका ८ वर्षीया छोरी चाँदनी, ६ वर्षीया कुसुम र चार वर्षीय छोरा रौनक पनि बाबुको बाटो कुरिरहनुभएको छ। दुई साताअघि बजारबाट घर आउने क्रममा इ–रिक्सा दुर्घटनामा परेपछि दरोपतीको खुट्टामा चोट लागेको छ। ओछ्यानमा थलिएर बैसाखीको सहारामा जेनतेन हिँडडुल गर्दै आउनुभएकी उहाँ शारीरिक पीडाभन्दा श्रीमान्को पर्खाइको पीडा ठूलो बनेको बताउनुहुन्छ।

"मेरो सिउँदोको सिन्दुरले १२ वर्षसम्म श्रीमान्को प्रतीक्षा गर्नेछ। उहाँ फर्केर आउनुहुन्छ भन्ने विश्वास छ" दरोपतीले भन्नुभयो। रसुवामा वास्तवमा के भयो भन्ने आफूले आफ्नै आँखाले नदेखेकाले अहिले नै श्रीमान्को मृत्यु भयो ठानेर अन्तिम संस्कार गर्न नसक्ने उहाँको भनाइ छ। "कसैले भन्दैमा श्रीमान्को अन्तिम संस्कार गर्दिन। अहिले त्यसबारे सोचेकी पनि छैन। १२ वर्षसम्म प्रतीक्षा गर्छु" उहाँले भन्नुभयो।



**अन्तिम संस्कार नगर्ने, छाक टार्ने समस्या**

सुरेन्द्रको कमाइबाट परिवारको गुजारा चल्दै आएको थियो। अहिले उहाँ बेपत्ता भएपछि दरोपतीलाई तीन छोराछोरीको पेट पाल्नसमेत कठिन भएको छ। श्रीमान्को प्रतीक्षामा रहनु भएकी उहाँलाई बसोबास गरेको जग्गाको भाडाबापत मासिक एक हजार रुपैयाँ बुझाउनुपर्ने समस्या सँगै दैनिक गुजारा कसरी चलाउने भन्ने चिन्ताले पनि उत्तिकै सताएको छ।

बुवाको अवस्थाबारे चिन्तित भएपछि छोराछोरीले पढाइसमेत छाडेर घरमै बस्न थालेको दरोपतीले बताउनुभयो। उहाँहरूको आँखामा पनि एउटै प्रश्न छ, "बुवा कहिले फर्किनुहुन्छ ?" दरोपती सँगै बोरिया टोलका अझै दुई परिवारको पीडा पनि उस्तै छ। यहाँका शिवकुमार सदाको ३२ वर्षीया श्रीमती गुडिया देवी, १५ वर्षीय छोरा प्रकाश, १२ वर्षीया नितु, नौ वर्षीया रेणुका र छ वर्षीय जितेन पनि बाबुको प्रतीक्षामा हुनुहुन्छ। तर, शिवकुमारको अवस्था भने अझै अज्ञात छ।

"मेरो श्रीमान् फर्केर आउनुहुन्छ भन्ने मलाई विश्वास छ" गुडियाले भन्नुभयो। अहिले नै अन्तिम संस्कार गर्ने सोच नरहेको उहाँले बताउनुभयो। सोही बाढीमा यहाँका बेचन सदा पनि बेपत्ता हुनुभयो। उहाँकी श्रीमती फुलिया देवीको एक वर्षअघि क्यान्सरका कारण मृत्यु भएको थियो। बेचनका चार सन्तानमध्ये दुई छोरीको विवाह भइसकेको छ। अहिले १३ वर्षीय छोरा सुभाष र सात वर्षीया छोरी निभाका लागि बुवा नै एक मात्र सहारा हुनुहुन्थ्यो। तर, बाढीपछि बुवा बेचनको पनि अत्तोपत्तो छैन।

"बुवा फर्केर आउनुहुन्छ भन्ने विश्वास छ। अन्तिम संस्कार गर्नेबारे सोचेका छैनौँ" सुभाषले भन्नुभयो। यसरी रसुवा बाढीमा बेपत्ता बोरिया टोलका तीनै परिवारजनले अन्तिम संस्कार नगर्ने भएर आफन्त फर्किने प्रतीक्षामै रहनुभएको स्थानीयवासीको भनाइ छ। बाढीमा बेपत्ता हुनुभएका बोरिया टोलका यी तीनै जना नुवाकोटको त्रिशूली श्री 'बी' जलविद्युत आयोजनामा काम गर्दै आउनुभएको थियो।

**सप्तरीका एकचालिस जना अझै बेपत्ता**

रसुवामा बाढी आएको डेढ महिना हुन लाग्दासमेत सप्तरीका अझै एकचालिस जना बेपत्ता छन्। जिल्ला प्रशासन कार्यालय सप्तरीका अनुसार रसुवा बाढीमा सप्तरीका ५३ जना सम्पर्कविहीन भएका थिए। तीमध्ये ११ जना सम्पर्कमा आएका छन् भने एक जनाको मृत्यु भएको र ४१ जना अझै बेपत्ता रहेको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद ढंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)